# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

# गभर्नर अधिकारीद्वारा AFI को वार्षिक बैठकमा सहभागिता




गभर्नर महा प्रसाद अधिकारी २०८० भदौ २६ देखि २९ सम्म फिलिपिन्सको मनिलामा आयोजित Alliance for Financial Inclusion (AFI) को वार्षिक बैठक र ग्लोबल पोलिसी फोरममा सहभागी भई भदौ ३० गते स्वदेश फर्कनुभयो ।

वार्षिक बैठकमा AFI को लेखापरीक्षण प्रतिवेदन, वित्तीय क्षेत्रमा लैङ्गिक समावेशिता तथा सूचना प्रविधिको प्रयोगसम्बन्धी प्रतिवेदनसहित सो संस्थाअन्तर्गत रहेका Inclusive Green Finance, वित्तीय समावेशिता रणनीति, साना तथा मझौला उद्यममा कर्जा प्रवाह, विद्युतीय वित्तीय सेवा जस्ता कार्यदलका प्रतिवेदन पेस गरिएका थिए ।

बैठकले सन् २०२४-२८ को निम्ति AFI को रणनीतिक योजना, मनिला घोषणापत्र, सन् सन् २०२३-२५ को लागि सञ्चालक समितिको गठनसम्बन्धी प्रस्तावलाई अनुमोदन गरेको छ । AFI सञ्चालक समितिको सदस्यको रूपमा मन्तव्य राख्दै गभर्नर अधिकारीले अन्य राष्ट्र र संस्थामा AFI को सदस्यस्ता विस्तार गरी वित्तीय साक्षरता र समावेशीकरणको प्रवर्द्धन, सदस्यहरूबीच क्षमता अभिवृद्धि र असल अभ्यासको आदानप्रदान गरिएको सम्बन्धमा चर्चा गर्नुभयो ।

AFI अन्तर्गत South Asia Financial Inclusion Initiative (SARFII) सहित ६ वटा क्षेत्रीय प्रयासहरू प्रारम्भ भएको र वित्तीय समावेशीकरणमा देखिएका चुनौतीलाई सम्बोधन गर्न यसबाट सहयोग पुगेको उल्लेख गर्दै उहाँले उक्त प्रयासको प्रशंसासमेत गर्नुभयो ।

सोही अवसरमा SARFII Leader's Roundtable मा समापन मन्तव्य राख्दै गभर्नर अधिकारीले वित्तीय समावेशीकरणका सन्दर्भमा




दक्षिण एसिया क्षेत्रमा लैङ्गिक असमानता रहेको, वित्तीय साक्षरताको कमी रहेको, साना तथा मझौला उद्यमलाई सहज रूपमा कर्जा उपलब्ध गराउन चुनौती देखिएको धारणा राख्नुभयो ।

बैठकका क्रममा गभर्नर अधिकारीले AFI Leader's Public Private Dialogue Roundtable मा आफ्नो धारणा राख्नुभएको थियो । यसै गरी, उहाँ Financial Inclusion for Shared Prosperity विषयको प्लेनरीमा वक्ताको रूपमा सहभागी हुनुभएको थियो । सो अवसरमा उहाँले तोकिएको क्षेत्रमा कर्जा प्रवाह, सहुलियतपूर्ण कर्जाको व्यवस्था, लघुवित्त सेवा, वित्तीय ग्राहक संरक्षण, वित्तीय सेवामा सीमान्तकृत वर्गको पहुँच अभिवृद्धि, प्रविधिको प्रयोग, विद्युतीय वित्तीय सेवा, वित्तीय क्षेत्र र कारोबारको पारदर्शिता जस्ता विषयले समग्र अर्थतन्त्रमा पार्ने प्रभावका सन्दर्भमा राज्यका विभिन्न निकायले अवलम्बन गर्नुपर्ने नीतिगत व्यवस्थाबारे चर्चा गर्नुभएको थियो ।

भ्रमणको क्रममा गभर्नर अधिकारीले फिलिपिन्सका केन्द्रीय बैंकका गभर्नर Eli M. Remolona, Jr. सँग द्विपक्षीय छलफल गर्नुभएको थियो । त्यस क्रममा गभर्नर अधिकारीले दुई देशका केन्द्रीय बैंकबीचको सहकार्य र वित्तीय समावेशीकरणमा रहेका चुनौती र AFI को भूमिकाका विषयमा छलफल भएको थियो ।

उदीयमान तथा विकासोन्मुख अर्थतन्त्र रहेका ७६ मुलुकका केन्द्रीय बैंक र अन्य आठ वटा नियामक संस्था गरी कुल ८४ संस्थाहरू AFI को सञ्जालमा आबद्ध छन् । मलेसियाको क्वालालम्पुरमा यसको मुख्यालय अवस्थित छ । यसले वित्तीय समावेशिता अभिवृद्धिको लागि नियमनकारी निकायहरूसँग सहकार्य गर्दै आएको छ ।

**२०८० असोज १ गते** **गभर्नरको कार्यालय**